जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ अंक १९६ २०७६ साल फागुन २२ गते बिहीबार (5 Mar. 2020 Thursday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : सचेतना अपनाए डराउनु ... ३ पृष्ठमा : कोरोनाबाट बच्न 'हात ... ३ पृष्ठमा : कोरोना भाइरसका कारण ...

# ६ महिनादेखी औषधी अभाव रहेको स्वास्थ्य चौकीमा धर्मी हल्फाद्वारा औषधी प्रदान

**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. १ बरही विरपुरस्थित स्वास्थ्य चौकीमा निशुल्क औषधी प्रदान गरिएको छ ।

विगत ६ महिनादेखी स्वास्थ्य चौकीमा औषधी अभाव रहेको हुँदा धर्मी हल्फा महिला विकास क्लबले बुधबार एक कार्यक्रमको आयोजना गरि निशुल्क औषधी प्रदान गरेको क्लबका अध्यक्ष एवं समाजसेवी ई. सूर्यनारायण यादवले जानकारी दिएका छन् ।



स्वास्थ्य चौकीमा चालु आ.ब.को साउन महिनादेखी नै बजेट निकासा नहुँदा औषधीको अभाव भएकोले स्थानियहरुलाई बिरामी पर्दा सहज रुपमा निशुल्क औषधी उपलब्ध होस् भन्ने उद्देश्यले सो औषधी प्रदान गरिएको क्लबका अध्यक्ष ई. यादवको भनाई छ ।

जिवनजल ३ सय प्याकेट, एक हजार पिस सिटोफेन लगायतका औषधी प्रदान गरिएको सो स्वास्थ्य चौकी प्रमुख सरिता झाले बताइन् । गर्मी बढ्दै जाँदा गाउँ घरमा झाडापखाला लगायत टाउँको दुख्ने र ज्वरो आउने जस्ता रोगका बिरामीहरु आउने गर्दा संस्थाले प्रदान गरेको औषधीले निकै सहज हुने प्रमुख झाको भनाई छ ।

यसैबीच सोही स्वास्थ्य चौकीमा ४० वर्षदेखी अहेब पदमा कार्यरत सुरेन्द्र मिश्र र स्वास्थ्य चौकी प्रमुख झालाई क्लबका अध्यक्ष ई. यादवले दोसल्ला ओढाई सम्मान समेत गरेका छन् ।

सोही कार्यक्रममा ९ जना महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई सम्मान गर्दै उपहार स्वारुप एक एक थान थाल प्रदान समेत गरिएको छ ।

आयोजित कार्यक्रममा वडा अध्यक्ष बिनोद कुमार यादव, छिन्नमस्ता गाउँपालिका स्वास्थ्य शाखा प्रमुख मदनेश्वर प्रसाद चौधरी, स्वास्थ्य चौकी लालापट्टीका प्रमुख बालकुमार यादव, स्वास्थ्य चौकी सखडाका शुसिल मण्डल लगायत स्वास्थ्य चौकीमा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

यसअघि सोही गाउँपालिकाको वडा नं. ३ स्वास्थ्य चौकी सखडा र वडा नं. ४ स्वास्थ्य चौकी लालापट्टीमा समेत औषधी अभाव भएपछि संस्थाका अध्यक्ष ई. यादवले यसरी नै निशुल्क औषधी प्रदान गरेका थिए ।

# जेसीबीको ठक्करबाट बालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

ईट्टा उद्योगमा काम गर्ने जेसीबीले ठक्कर दिँदा एक बालिकाको मृत्यु भएको छ ।

सप्तरीको राजगढ गाउँपालिका वडा नं. ५ मलेखपुर स्थित एमआरडी इट्टा उद्योगमा भारत बंगाल खरिजाबाग बथरी ग्राम घर भएका सोही उद्योगमा काम गर्ने ईरसाद अलिको १५ वर्षिय छोरी अलमिनिया खातुनलाई जेसीबीले ठक्कर दिँदा मृत्यु भएको हो ।

सोहि ईटा उघोगमा काम गर्ने ज.१ क. जेसीबीले ठक्कर दिएपछि घाइते भएकी खातुनलाई उपचारका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# दुई लाख बढीको भन्सार छलेका कपडा र मदिरा बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

राजबिराज वडा नं. ३ पोखरेल टोल स्थितमा ना.१ ज.३८६७ नं.को गाडिलाई चेक जाचँ गर्ने क्रममा भारतबाट भन्सार छलि ल्याउँदै गरेका विभिन्न कपडाहरु प्रहरीले बरामद गरेको छ ।

सो गाडीबाट प्रहरीले २ लाख ३८ हजार बराबरको रातो साडी ५ थान, कुर्थाको कपडा रोल १० थान, पर्दा कपडाको रोल १० थान, क्रउन बेल्ट ३ थान, सुतिको साडी ९० थान र कटन सर्ट कपडा १ सय १२ थान बरामद गरेको हो ।

यस्तै सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका १ दश गजा क्षत्रेबाट प्रहरीले भन्सार छलेर नेपालबाट भातरतर्फ लैजादै गरेको नियन्त्रणमा लिएको छ ।

नेपालबाट भारततर्फ अवैधरुपमा भारतिय भारतीय मोटरसाइकलमा लैजादै गरेको उमंग मदिरा १ कार्टुन नियन्ध्रणमा लिएको छ । नियन्त्रणमा लिइएको मदिरा र मोटरसाइकल समेतलाई भन्सार कार्यालयमा बुझाइएको छ ।

# स्तनपान कक्ष निर्माण





**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

राजविराज नगरपालिकाले कार्यलय परिसरमै स्तपान कक्षको निर्माण गरेको छ ।

विभिन्न काम विशेषले शिशु बोकेर आउने महिला सेवाग्राहीलाई सार्वजनिक स्थलमा स्तनपान गराउन असहज हुने भएकोले त्यसलाई सहज बनाउन स्तनपान कक्ष निर्माण गरिएको राजविराज नगरपालिका प्रमुख शम्भु प्रसाद यादवले जानकारी दिएका छन् ।

यस्तै उपप्रमुख साधाना झाले महिलाहरुलाई सार्वजनिक स्थानमा स्तनपान गराउन निकै अप्ठ्यारो हुने गरेकाले ती समस्या समाधान गर्न यस्तो उपाय निकालेको बताईन ।

नगरपालिकाले हाल एउटा स्तनपान कक्ष निर्माण गरेको छ । सो कक्षमा हात धुने, बच्चा सुताउने सुविधा समेत रहेको छ । आवश्यकता परे थप कक्ष पनि स्थापना गरिने उपप्रमुख झाले बताईन् ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →




**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### अपाङमैत्री भौतिक संरचना निर्माण गरौं

सरकारले सरकारी संरचनालाई अपाङ्गमैत्री बनाउन निर्देशन दिएपनि हालसम्म पनि सप्तरीका अधिकांश सरकारी कार्यालयहरुमा त्यस्ता भवन निर्माण हुन सकेका छैनन् । सरकारी संरचनाहरु अपाङ्गमैत्री नभई दिँदा अपाङ्गता भएका व्यक्तिहरुलाई कठिनाईको सामना गर्नु परिरहेको अवस्था विद्यमान छ ।

अपाङ्गता भन्ने शब्द आफैंमा दुर्बलता वा असक्षम जस्तो आशय दिने भएको तर, अपाङ्गता हुँदैमा असक्षम वा दुर्बल नहुने र विभिन्न अन्तर्राष्ट्रिय अभ्यास एवं संधि समेतले फरक रुपमा सबल  शब्द प्रयोग गर्न उपयुक्त भएकाले सो समितिले अपाङ्गता शब्दलाई परिमार्जन गरी फरक रुपले सबल नागरिकको प्रयोगको लागि निर्देशन दिइनु अर्को प्रशंसनीय कदम रहेको मान्न सकिन्छ । तर, यस्ता निर्णय र निर्देशनहरु अक्षरशः पालना नभएसम्म यसको उपादेयता मान्न सकिन्न ।

सरकारी संरचनाहरु मात्र नभई सार्वजनिक सवारीका साधनहरु, विद्यालय र अन्य सार्वजनिक संरचनाहरु समेतलाई अपाङ्गमैत्री रुपमा बनाउन जरुरी देखिन्छ । तसर्थ, सम्पूर्ण सरकारी, गैरसरकारी निकायहरुले यसको पूर्ण पालना गर्न र गराउन आफैंबाट शुरु गर्न जरुरी देखिन्छ


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सचेतना अपनाए डराउनु पर्दैन कोरोना भाइरसबाट



**अमरनाथ मण्डल**

अहिले सम्पूर्ण विश्व नै त्रासको मनोस्थितिबाट गुज्रिरहेका छन् । कुनै समयमा यस्ता प्रकारका माहामारी प्रकोपबाट मानव जातिले जटिलता भोगिसकेका छन् । मानव सभ्यता विकसित हुँदै जाँदा विकासका परिवेशहरुको उदय हूँदै जाँदा वैज्ञानिक आधारमा जटिलभन्दा जटिल रोगहरुको तथा विभिन्न किसिमका भाइरस संक्रमणहरुको उपचारको आधारहरु खोजी विश्वलाई जटिलभन्दा जटिल भाइरस संक्रमणहरुको उपचार खोजेका थिए । विकसित संसारको परिवेशमा आजभन्दा ३० वर्ष पहिले झाडापखालाको महामारीलाई हैजाको रुपमा ठुलो माहामारी सिद्ध भएका थिए भने समय परिस्थिति अनुसार डेंगु रोग, मलेरिया, क्षयरोग जस्ता सर्ने रोगहरुको महामारी विश्वमा देखा परेका थिए भने जटिलभन्दा जटिल रोगहरुको सामाधान उपाय तथा औषधिहरुको अविष्कार समय अनुपात हुँदै गए । तर चीनबाट महामारीको रुपमा विश्वलाई नै स्वास्थ्य क्षेत्रमा असर पार्ने रोग कोरोना भाइरसको विगिबिगिले विश्व अहिले चिन्तित बनेका छन् ।

कोरोना भाइरस चीनको हुवान शहरबाट सम्पूर्ण विश्वमा धेरै जसो देशमा माहामारीको रुपमा तीब्र गतिमा फैलिरहेको सन्दर्भ लिएर चिन छिमेकी नेपाल रहेकोले विश्व स्वास्थ्य संगठनले नेपाललाई कोरोना भाइरसको जोखिम क्षेत्रको रुपमा अघि नै घोषणा गरिसकेको अवस्थामा हाल आएर तीब्र गतिमा भारतको राजधानी नयाँ दिल्ली लगायत अन्य देशहरुमा कोरोनाको तीब्रताको लहरले नेपाली जनतालाई पनि चिन्तित तुल्याइएको छ ।

नेपाल सरकारको गम्भिरता र सक्रियतामा सार्थक रुपले स्वास्थ्य क्षेत्रमा सक्रिय नदेखिएको सन्दर्भ लिएर सरकारले कोरोना भाइरसको प्रकोप नेपालमा नपर्ने सचेतनामा पर्याप्त खाँचो देखिएको अवस्थामा अहिले नेपालका स्वास्थ्य स्तरका निकायहरुले आफ्नो स्तरबाट हेल्प डेस्कहरु राख्ने व्यवस्था मिलाएतापनि दक्ष प्राविधिक र सवल यन्त्रहरुको आवश्यकताको अपरिहार्यता देखिन्छ । अहिले नेपालमा पनि कोरोना भाइरसको प्रकोप आइसकेको हल्लाहरु फैलिरहेको सन्दर्भमा नेपाल सरकारले आधिकारिकता रुपमा कोरोना भाइरस नेपालमा देखापरेको कुनै प्रकारको पुष्टि गरेको छैन । तसर्थ नेपालमा कोरोना भाइरसको प्रकोप छ भने अहिले विश्वासको साथ भन्ने अवस्था नदेखिएको सन्दर्भ लिएर डराउनु पर्ने अवस्था देखिदैन ।

कोरोना भाइरस मानवले आफ्नो जीवन आहार-व्यवहार तथा रहनसहन र स्वच्छ वातावरणको सिर्जना गरि सफासुघर रही सचेतको साथ कुनै प्रकारका फोहोर वातावरणहरुबाट टाढा बसी समयमा खाना खानु पहिल्यै हात धुनु लगायत आफ्नो घरको वरिपरि सफा वातावरण अवस्था सिर्जना गरी भिडभाडहरुमा माक्सको प्रयोग गरी लगायतका सचेत वातावरणको सिर्जना गरी जीवनलाई परिवर्तित सफा वातावरणमा सिर्जना गरी जीवनलाई संचालन गरे भने यस्ता भाइरस प्रकोपहरुबाट सहज रुपमा बच्न सकिन्छ ।

समाजमा कोरोना भाइरसको कुनै प्रकारका लक्षणहरु कसैलाई देखापऱ्यो भने समाजको सचेत नागरिकको परिभाषा दिई समयमा त्यस्ता लक्षण देखिएका रोगीहरुलाई स्वास्थ्य चौकीमा उपचारकोलागि सल्लाह दिनु वातावरणको व्यवस्था मिलाउने काम गरियो भने त्यस्ता भाइरसबाट हामी सजिलैसँग बच्न सक्ने वातावरण सिर्जना हुन्छ । कोरोना भाइरसको लक्षणहरुमा तीब्र ज्वरो आउने, ज्वरोको मापदण्ड १०३, १०४ सम्म रहने स्वाश्प्रश्वास प्रकोपको मात्रा बढ्दै जाने रुघा खासी तीब्र रुपमा देखापर्ने जस्ता लक्षणहरु यदि परिवार, समाज तथा साथीभाइहरु देखापरे भने त्यसलाई तूरुन्त नजिकको स्वास्थ्य संस्थाहरुमा शंकाको निवारण सल्लाह दिनुपर्छ । कोरोना भाइरसको मात्रा शरिरमा ५० देखि ६० प्रतिशत प्रकोप शरिरमा फैलिएपछि मात्रै लक्षणहरुको असर देखापर्न थाल्छ भने कसैकसैलाई ९० प्रतिशतसम्म भाइरसबाट ग्रसित भई पछि मात्रै देखापरिन्छ । त्यसैकारण साधारण खासी लाग्दा ज्वरो आउँदा त्यसमा पनि अलिकति पनि स्वाशप्रश्वास रोगको प्रकोप देखापरे तुरुन्त चिकित्सकसँग सल्लाह लिनु पर्ने अवस्थाको सिर्जना गर्नुपर्छ । स्वच्छ खानपान स्वच्छ वातावरणको निर्माण गरी स्वच्छ हावापानीको प्रवेश शारीरिक वातावरणमा राख्नु पर्ने देखिएकोले यस्तो अवस्थामा कुनै प्रकारको कुनै प्रकारको त्रासमा र रोगबाट डराउनु पर्ने अवस्था देखिदैन ।

नेपाल सरकारको स्वास्थ्य संस्थाहरुमा खास गरी स्वास्थ्य चौकी, उप-चौकीहरुमा नियमित प्राविधिक चिकित्सकहरुको वसाई नरहेको सन्दर्भ लिएर त्यसमा पनि स्वास्थ्यका कर्मचारीहरुलाई नगरपालिका, गाउँपालिका, वडा कार्यालयहरुमा, अन्य कार्यालयहरुमा लगाउने गरेकोले प्राविधिकहरु विचलनको अवस्था रहेको छ । गाउँपालिका, नगरपालिकाहरुमा स्वास्थ्य चौकीहरुलाई समायोजन गरेको सन्दर्भ लिएर अहिले जिल्ला स्वास्थ्य संस्थाहरु अलपत्रको अवस्थामा रहेको सन्दर्भमा नेपाल सरकार तथा प्रदेश सरकार र स्थानीय सरकारको सवल सक्रियताको पहल गरी स्वास्थ्य चौकीहरुमा नियमित, प्राविधिक तथा चिकित्सकहरुको बसाईको अवस्था तथा चिकित्सक प्राविधिकहरुको कार्यको अनुगमन निरिक्षण गर्नुपर्ने आवश्यकता देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादव अनुसार स्वास्थ्य चौकीहरुको अनुगमणहरुको लागि जिल्ला जनस्वास्थ्य कार्यालयहरुमा प्रयाप्त बजेटको अभावले रहेकोले बजेटको व्यवस्था मिलाईदिन प्रदेश र संघीय सरकारलाई अनुरोध गरेका छन भने अहिले विश्वमा नै त्रासको मनोस्थितिबाट गुज्रिरहेको सन्दर्भ लिएर कोरोना भाइरस जस्तो माहामारीबाट बचाउनका लागि हरेक मानिसले आफ्नो शरीरको आफै स्वच्छ वातावरणमा राख्नुपर्ने अवस्था देखिन्छ ।  यदि हामी स्वच्छ वातावरणको अवस्था सिर्जना गऱ्यो भने हामीलाई कुनै प्रकारको भाइरसबाट डराउनु पर्ने आवश्यकता देखिदैन ।

अहिले नेपालमा कोरोना भाइरसको कुनै प्रकोप नरहेको भविष्यमा आफु आफुमा नै स्वास्थ्य सचेतनाको नितिहरुको अख्तियार गरे भने नेपालमा कोरोना भाइरसको प्रकोप छुन नसक्ने अवस्था सिर्जना हुन्छ । त्यसैकारणले यस्ता भाइरसबाट सचेत रहनु पर्छ भने डराएर आतिएर मांसिक स्थितिलाई विगार्नु पर्ने अवस्था देखिदैन । त्यसैकारण हामी सचेत होऔं, हामी स्वस्थ बनौं ।

# प्रधानमन्त्रीको मिर्गौलाको सफल प्रत्यारोपण

काठमाडौँ, २१ फागुन (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीको दोस्रोपटक त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा सफलरूपमा मिर्गौला प्रत्यारोपण भएको छ । अस्पतालका कार्यकारी निर्देशक डा प्रेमकृष्ण खड्गाका अनुसार मिर्गौला प्रत्यारोपणका लागि प्रधानमन्त्री ओलीलाई बिहान १० बजे शल्यक्रिया कक्षमा लगिएको थियो ।

मिर्गौला प्रत्यारोपण गर्न करिब पाँच घण्टा समय लागेको अस्पतालले जनाएको छ । अस्पतालका प्रा डा प्रेमराज ज्ञवालीको नेतृत्वमा १५ देखि २० जनासम्म स्वदेशी चिकित्सक टोलीले मिर्गौला प्रत्यारोपण गरेको थियो । यसको विस्तृत विवरण केही समयमा अस्पतालले दिने बताइएको छ ।

मिर्गौला प्रत्यारोपणअघि उहाँको मङ्गलबार विभिन्न विषयका विशेषज्ञबाट स्वास्थ्य परीक्षण गरिएको थियो । प्रधानमन्त्री ओली प्रत्यारोपणका लागि यही फागुन १९ गते अस्पताल भर्ना हुनुभएको थियो ।

उहाँलाई उहाँकी भान्जी समीक्षा सङ्ग्रौला कोइरालाले मिर्गौला दान गर्नु एको हो । यसअघि प्रधानमन्त्री ओलीको विसं २०६४ साउनमा भारतको एपोलो अस्पतालमा मिर्गौला प्रत्यारोपण गरिएको थियो ।

# बेनेलीको सात नयाँ मोडेल बजारमा

**दैनिक समाचारदाता**
**काठमाडौं, २१ फागुन ।**

बेनेली इटालियन मोटरसाइकल ब्रान्ड हो र १९११ देखी नै मोटरसाइकल पारखीबिच एक बेग्लै पहिचान बनाएको छ ।

नेपालको लागी बेनेलीको अधिकारित बिक्रेत केटीएम इन्टरन्यासनल ट्रेडिंग प्रालिहो र कम्पनी ले ३ एस (सेल्स्, स्पेएर, सर्भिस) को सुबिधा नेपालको बिभिन्न ठाउँमा सजिलै सँग उपलब्ध गराउदै आइरहेको छ ।

बेनेली मोटरसाइकलहरू सबै सवारको आवश्यकताहरू पूरा गर्न र अन्तिम सवारी अनुभव र आराम सुनिश्चित गर्नका लागि सिर्जना गरिएको तथा सबै भन्दा बडी माग पनि भएको सो कम्पनीको दाबी छ ।

नेपालको युवावर्गमा लोकप्रिय बनेको बेनेलीले नेपाली बजारमा विभिन्न अफर समेत ल्याएको छ ।

बेनेलीको सात नयाँ मोडेल जसले प्रतिस्पर्धी मूल्य सुनिश्चित गर्ने र नेपाली राईडरहरुलाई फाइदा पुऱ्याउँने कम्पनि दाबी समेत छ । कम्पनिको अनुसार सबै मोडेलहरूमा दुई वर्ष ईन्जिन वारेन्टीका साथ खरीद गर्दा ३ हजारदेखी १२ हजारसम्म छुट, २ वर्ष सर्भिसिङ र हेल्मेट निशुल्क दिइने कम्पनीको भनाई छ ।

# कोरोनाबाट बच्न 'हात नमिलाउने, नमस्कार गर्ने'

विराटनगर, २१ फागुन (रासस) ।
नोबेल कोरोना भाइरस( कोभिड–१९) बाट बच्न 'हात नमिलाउन र नमस्कार गर्न' बानी बसाल्न सुझाव दिएका छन् । चीनबाट फैलिएको यो भाइरस अहिले विश्वका ७२ वटा देशमा देखिएका छन् भने नेपाल पनि उच्च जोखिममा रहेको विश्व स्वास्थ्य सङ्गठन प्रतिवेदनमा रहेको बुधबार चिकित्सकले जानकारी दिएका छन् ।

ज्वरो आउने, हाछ्यूँ आउने र श्वासप्रश्वासमा समस्या देखिने भाइरसका कारण मानिसको ज्यान जान सकिने भएकाले विशेष सतर्कता आउन चिकित्सकले सुझाव दिएका हुन् । अहिलेसम्ममा चीनमा ८० हजार ३०४ मा सङ्क्रमण देखिएको, दुई हजार ९४६ को ज्यान गएको छ भने चीन बाहिर ७२ देशमा गरी १० हजार ५६६ मा सङ्क्रमण देखिएको र १६६ को ज्यान गएको डा सुरेश मेहताले जानकारी दिनुभयो ।

यो सङ्क्रमण हुने मानिसमा ८० प्रतिशत सामान्य रहन्छन् भने २० प्रतिशतमा कडा खालको लक्षण देखिने र दुई प्रतिशत मानिसको ज्यान जाने खतरा हुन्छन् । यो भाइरसका कारण मृत्यु हुने मानिस प्रायः वृद्ध, दम रोग भएको, मिर्गौला रोगी र मधुमेह रोगीको ज्यान जाने गरेको तथ्याङ्कले देखाएको डा मेहताले बताउनुभयो ।

यो भाइरसबाट बच्न प्रदेश नं १ को सामाजिक विकास मन्त्रालयले उच्च सतर्कता अपनाएको छ । यसका लागि जनस्वास्थ्य निर्देशनालय धनकुटाको निर्देशक चन्द्रदेव मेहताको संयोजकत्वमा एक प्राविधिक समिति बनाएको छ भने प्राविधिक समितिलाई आवश्यक सल्लाह एवं सुझाव दिन र तयारी अवस्थालाई प्रभावकारी बनाउन स्वास्थ्य व्यवस्थापन महाशाखा काठमाडौँका निर्देशक भोजराज डोटेल सम्मिलित प्राविधिक त्रिभूषणप्रसाद साह र नरेन्द्र खनालको टोलीले आवश्यक निर्देशन एवं परामर्श दिइरहेको बताएको छ ।

टोलीले साबुन पानीले मिचिमिची ३० सेकेण्डसम्म हात धोएमा यसबाट बच्न सकिन्छ र बाहिर हिँड्दा नाक मुख छोप्ने मास्क लगाउनुपर्ने, भिडभाडमा नजाने, विदेशबाट फर्केर आएका मानिसबाट सावधान रहने, जङ्गली तथा घरपालुवा पशुपक्षीबाट टाढा रहने सुझाव दिएका छन् ।

कोरोनाको सङ्क्रमण देखिको मानिसको उपचारका लागि प्रदेश नं १ मा कोशी अस्पताल विराटनगरमा पाँच, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा १०, विराट अस्पतालमा १२ र नोबेल अस्पतालमा एक शचया व्यवस्था गरी उपचार गर्ने प्रबन्ध मिलाइएको छ । अहिलेसम्म प्रदेशमा यो भाइरसको रोगी नदेखिए पनि सङ्क्रमण हुने उच्च जोखिम रहेकाले यस्तो प्रबन्ध मिलाइएको मन्त्रालयले बुधबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएको हो । यो लक्षण देखिएमा सामाजिक विकास मन्त्रालयले कोशी अस्पताल, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, नोबेल मेडिकल कलेज विराटनगर, बिएण्डवी अस्पताल बिर्तामोड र मेची अस्पताल भद्रपुरमा 'आइसोलेशन बेड' तयार पारी उपचार गर्ने उपचार गर्ने प्रबन्ध मिलाएको छ ।

सामाजिक विकासमन्त्री जीवन घिमिरेले कोरोनाको बारेमा अनावश्यक त्रास फैलिन नदिन यसबारेमा सबैले बुझ्नु आवश्यक रहेको बताउनुभयो । यसबाट बच्न आम नागरिकमा जनजागरण एवं सचेतना अभिवृद्धि गर्नुपर्ने भन्दै मन्त्री घिमिरेले प्रदेश नं १ को नाकामा 'हेल्प डेस्क' राखिएको जानकारी दिनुभयो ।

उहाँले इलामको पशुपति नगर, झापाको काँकडभिट्टा, भद्रपुर र मोरङको रानीमा हेल्पडेस्क राखिएकाले विदेशीको स्वास्थ्य परीक्षण हुने भन्दै कोरोना भाइरसबाट जोगिन सावधान रहनु पर्ने कुरामा जोड दिनुभयो ।

# कोरोना भाइरसको जोखिमप्रति सजग रहन शिक्षक, विद्यार्थीलाई आग्रह

काठमाडौँ, २१ फागुन (रासस) ।
निजी तथा आवासीय विद्यालय सञ्चालकका संस्थाहरूले कोरोना भाइरसबाट बच्न, बालबालिकामा पर्नसक्ने मनोवैज्ञानिक असर न्यून गर्न र पूर्व सावधानीका लागि आह्वान गरेको छ । विश्वमा फैलँदै गएको कोरोना भाइरस ( कोभिड–१९) को प्रकोपको प्रभावले नेपालमा पनि दिनानुदिन सन्त्रास फैलाएको सन्दर्भमा नेपाली जनता पनि कोरोना भाइरसको फैलँदो सन्त्रासले चिन्तित रहेको भन्दै बालबालिकासँग प्रत्यक्षरूपमा काम गर्ने शिक्षक, कर्मचारी, विद्यार्थी तथा अभिभावक यस फैलँदो महामारीको सन्त्रासबाट ज्यादै संवेदनशील भएको उल्लेख ती संस्थाले जनाएका छन् ।

विश्व स्वास्थ्य सङ्गठन ( डब्लुएचओ) ले उच्च जोखिममा रहेको राष्ट्र भनेर नेपाललाई समेत समावेश गरिसकेको स्थितिमा जोखिम सामना गर्न गम्भीर प्रयत्नमा जुट्नु सबैको कर्तव्य भएको जनाउँदै निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) र राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएशन ( एनप्याब्सन)ले सार्वजनिक आह्वान गरेका हुन् । सदस्य विद्यालयलाई यस सङ्क्रमणप्रति सजग र सचेत रही आफ्ना विद्यालयका कार्यक्रमसमेत अत्यन्तै सावधानीपूर्वक सञ्चालन गर्न आग्रह गर्दै अभिवादन गर्दा हात नमिलाऔँ र नमस्कार आदान–प्रदान गर्ने गरौँ भनी आह्वान पनि गरिएको छ ।

बालबालिकालाई मास्क लगाउने, हातमुख धुने, व्यक्तिगत तथा संस्थागत सरसफाइमा उचित प्रबन्ध मिलाउने कार्य गर्न/गराउनु हुन साथै यो सङ्क्रमण चिसो वा पानीसँग बढी सम्बन्ध राखी फैलने भन्ने चिकित्सकको सुझावलाई ध्यान दिन सुझाव दिइएको छ । यसैगरी अनावश्यक भीडभाडमा सामेल नहुन, घर परिसरको फोहरलाई यथाशक्य व्यवस्थापन गर्न, मासुजन्य खाद्य पदार्थ प्रयोगमा विशेष सावधानी अपनाउन, बजारमा प्राप्त हुने विभिन्न प्रकारका प्याकमा पाइने चिसो पेय पदार्थ प्रयोग नगर्न, विद्यालयका शिक्षक तथा कर्मचारीले विद्यार्थीलाई सचेतना कक्षा सञ्चालन गर्न/गराउन पनि आह्वान गरिएको छ ।

# राष्ट्रियसभाका नयाँ १८ सदस्यको शपथ

काठमाडैं, २१ फागुन (रासस) ।
सङ्घीय संसद् राष्ट्रियसभामा छ वर्षे कार्यकालका लागि प्रवेश गर्ने १८ सदस्यले पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।

नयाँबानेश्वरस्थित सङ्घीय संसद् भवनमा बुधबार आयोजित समारोहमा राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले नवनिर्वाचित सदस्यलाई पद तथा गोपनीयताको शपथ दिलाउनुभयो । शपथ लिनेमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का १६ र राष्ट्रिय जनता पार्टी नेपाल ( राजपा)का दुई सदस्य हुनुहुन्छ ।

शपथ लिनु हुनेमा इन्दिरादेवी गौतम, गोपीबहादुर सार्की अच्छामी, देवेन्द्र दाहाल, तुलसाकुमारी दाहाल, राधेश्याम पासवान, शेखरकुमार सिंह, मृगेन्द्रकुमार सिंह यादव, गङ्गाकुमारी बेल्बासे र वेदुराम भुसाल हुनुहुन्छ ।

नवनिर्वाचित सदस्य भगवती न्यौपाने, नारायणकाजी श्रेष्ठ, विमला घिमिरे, जगप्रसाद शर्मा, गोपाल भट्टराई, सुमित्रा बिसी, मायाप्रसाद शर्मा, शारदादेवी भट्ट र तारामान स्वाँरले पनि बुधबारै शपथ लिनुभएको छ । समारोहमा अध्यक्ष तिमिल्सिनाले नयाँ सदस्यलाई सांसदको लोगो लगाइदिनुका साथै बधाई ज्ञापनसमेत गर्नुभयो ।

**संविधान र ऐन उपलब्ध**

सो अवसरमा सङ्घीय संसद् सचिवालयले उहाँहरूलाई संविधान र कानूनसहितको झोला उपलब्ध गराएको थियो । राष्ट्रियसभा सदस्यका लागि गत माघ ९ गते भएको निर्वाचनबाट सात महिला, दुई दलित, दुई अपाङ्गता भएका वा अल्पसङ्ख्यक र सात अन्य समूहबाट निर्वाचित हुनुभएको थियो । सरकारको सिफारिसमा राष्ट्रपतिबाट एक एक सदस्यको भने मनोनीत गर्न बाँकी नै रहेको छ । पहिलो पटक गोलाप्रथाद्वारा दुई वर्षे कार्यकाल प्राप्त गर्नुभएका १८ सदस्यको मङ्गलबार बिदाइ गरिएको थियो ।

स्थायी सदनका रूपमा रहेको सङ्घीय संसद्, राष्ट्रियसभा ५९ सदस्यीय रहने संवैधानिक व्यवस्था छ । शपथग्रहण समारोहमा राष्ट्रियसभाका उपाध्यक्ष, राष्ट्रियसभामा संसदीय दलका नेता, मुख्य सचेतक, सचेतक, सदस्य, भर्खरै कार्यकाल समाप्त गरेको पूर्वसांसद र नवनिर्वाचित सदस्यका आफन्तजनको सहभागिता रहेको थियो ।

## विश्व समाचार

# कोरोना भाइरसका कारण इरानमा कूल ७७ जनाको मृत्यु

तेहरान, २१ फागुन (रासस/एएफपी) ।
कोरोना भाइरस (कोभिड–१९)का कारण इरानमा पछिल्लो २४ घण्टामा थप ११ जनाको मृत्यु भएको यहाँको स्वास्थ्य मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ । पछिल्लो तथ्याङ्कसँगै इरानमा कोरोना भाइरसका कारण मृत्यु हुनेको सङ्ख्या ७७ पुगेको मन्त्रालयले बताएको छ । प्राप्त समाचारअनुसार इरानका २३ जना सांसदलाई कोरोना भाइरस सङ्क्रमणको पुष्टि भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । इरानमा कूल दुई हजार ३३६ व्यक्तिमा सङ्क्रमण पुष्टि भएको र विगत २४ घण्टामा ८३५ नयाँ सङ्क्रमित व्यक्ति भेटिएको इरानी स्वास्थ्य अधिकारीहरूले बताए । इरानमा एकै दिन कोरोना भाइरसका कारण यति धेरै सङ्क्रमित भेटिएको यो पहिलो दिन हो । इस्लामिक गणतन्त्रमा दुई हप्ता पहिले पहिलो घातक यस भाइरसको सङ्क्रमण पुष्टि भएपछि नियन्त्रणका लागि आन्तरिक स्रोत र साधनको अधिकतम प्रयोग गरी काम भइरहेको इरानी उप–स्वास्थ्यमन्त्री अलिरेजा राइसीले राज्य सञ्चालित टेलिभिजनबाट प्रशारित प्रतिक्रियामा बताउनुभयो । उहाँले भन्नुभयो, "पछिल्लो २४ घण्टामा थप ८३५ जनामा कोभिड–१९ को सङ्क्रमण पुष्टि भएको छ र योसँगै इरानमा सङ्क्रमितको सङ्ख्या दुई हजार ३३६ पुगेको छ । घातक यो भाइरस सङ्क्रमणका कारण ७७ जनाको मृत्यु भएको छ ।" नयाँ भाइरसको सङ्क्रमणको केन्द्र मानिएको मूख्यभूमि चीन र खासगरी हुबेई प्रान्तको वुहानमा गरी मङ्गलबारसम्म दुई हजार ९०० भन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने सङ्क्रमणबाट चीनबाहिर सबैभन्दा बढी व्यक्तिको इरानमा मृत्यु भएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ । विश्वभर यस भाइरसको सङ्क्रमणका कारण मृत्यु हुनेको आधिकारिक सङ्ख्या तीन हजार ११६ व्यक्तिको मृत्युभइसकेको छ । सङ्क्रमणको प्रभाव विश्वका ७६ मुलुकमा देखिएपनि चीन, दक्षिण कोरिया, इटली, इरान र जापानमा मृत्यु हुनेको सङ्ख्या अन्य मुलुकको तुलनामा बढी रहेको छ । यसैबीच इरानका सर्वोच्च नेता आयातोल्ला अलि खामेनीले सबै नागरिकलाई कोरोना भाइरसबाट बच्न व्यक्तिगत सरसफाइलगायत रोकथामका अन्य उपायलाई अवलम्बन गर्न आग्रह गर्नुभएको छ । उहाँले भन्नुभयो, "सबै नागरिकले रोकथामका उपाय र नियन्त्रणका लागि स्वास्थ्यकर्मीले दिएको निर्देशनलाई पढ्न, सिकाउन र पालना गर्न आवश्यक छ ।"

# स्टील उत्पादनमा ३ प्रतिशत कमी

नयाँ दिल्ली, २२ फागुन (रासस/पीटीआई) ।
भारतमा सन् २०२० को जनवरीमा कच्चा स्टील उत्पादन कूल ९० लाख २८ हजार ८०० टनमा झरेको विश्व स्टील सङ्घले जनाएको छ । यो अघिल्लो वर्षको जनवरीको तुलनामा ३.२६ प्रतिशतले कमी हो । भारतले अघिल्लो वर्षको सोही अवधिमा ९० लाख ५९ हजार १०० टन कच्चा स्टील (इस्पात) उत्पादन गरेको स्टीलको अन्तर्राष्ट्रिय निकायले सार्वजनिक गरेको पछिल्लो रिपोर्टमा उल्लेख छ । स्टील तथा फलामको आपूर्ति गर्ने विभिन्न ६४ मुलुक आवद्ध सङ्घलाई उपलब्ध गराइएको तथ्याङ्कअनुसार सन् २०२० को शुरूको महिनामा १५ करोड ५४ लाख चार हजार टन स्टील उत्पादन भएको छ जुन अघिल्लो वर्षको जनवरीको तुलनामा २.१ प्रतिशतले बढी हो । विश्वको सबैभन्दा बढी स्टील उत्पादक मुलुक चीनमा उक्त अवधिमा स्टीलको उत्पादनमा भने वृद्धि देखिएको छ । अमेरिका–चीन व्यापार विवादबीच पनि चीनले गत वर्ष आठ करोड ४० लाख तीन हजार टन स्टील उत्पादन गरेको छ । यो अघिल्लो वर्षको जनवरीको तुलनामा ७.२ प्रतिशतको वृद्धि हो । यो समयमा जापानले ८० लाख २० हजार टन उत्पादन गरेको छ । अघिल्लो वर्षको तुलनामा यो १.३ प्रतिशतले वृद्धि हो । त्यसैगरी अर्को एशियाली मुलुक दक्षिण कोरियाले उक्त अवधिमा ५० लाख ८० हजार टन स्टील उत्पादन गरेको छ । यो अघिल्लो वर्षभन्दा आठ प्रतिशत कम उत्पादन हो । यो समयमा जापानले ८० लाख २० हजार टन उत्पादन गरेको छ । अघिल्लो वर्षको तुलनामा यो १.३ प्रतिशतले वृद्धि हो वर्ल्डस्टीलमा आवद्ध सदस्य राष्ट्रहरूका १६० कम्पनी र विश्वका ठूला १० स्टील कम्पनीमध्ये नौ स्टील कम्पनी आवद्ध यस सङ्घमा राष्ट्रिय तथा क्षेत्रीय स्टील सङ्घ तथा स्टीलबारे अनुसन्धान गर्ने संस्थाहरू जोडिएका छन् ।

# नेतन्याहूको दललाई अग्रता

तेल अभिभ, २१ फागुन (रासस/एएनआई) ।
इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको लिकुड पार्टीले सोमबार सम्पन्न संसदको आमनिर्वाचनमा ३६ स्थान जितेर संसदभित्र सबैभन्दा ठूलो दल बनेको छ । केन्द्रीय निर्वाचन समितिले करिब ९७ प्रतिशत मतगणना सम्पन्न गर्दा कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त गर्न नसक्ने देखिएको छ । समितिका अनुसार नेतन्याहूका मुख्य विपक्षी बेन्नी गान्ज र उहाँको ब्लू एन्ड ह्वाइट पार्टीले ३२ स्थान जितेको छ । पछिल्लो गणनाअनुसार लिकुड पार्टी र यसको गठबन्धनले कूल ५९ सिट जितेका छन्, तर सरकार गठन गर्न अझै दुई स्थान कमी भएको छ । इजरायलको संसद १२० सदस्यीय रहेको छ, र बहुमतको सरकार गठन गर्न ६१ स्थान आवश्यक पर्दछ । प्रधानमन्त्री नेतन्याहूले मतदान सम्पन्न भएपछि सोमबार राति नै विजयी भएको दाबी गर्नु भएको थियो । चुनावी मतसर्वेक्षणले लिकुड पार्टीले बहुमत ल्याउन सक्ने अड्कलबाजी गरेका थिए । बहुमतका लागि दुई स्थान कमी भएको अवस्थामा लिकुड पार्टीले अरु दलसँग आवद्ध सांसदलाई सरकारमा सहभागी हुन आह्वान गरेको छ । लिकुड पार्टीका प्रवक्ता जोनाटन उरिचले सञ्चार माध्यमसँग कुरा गर्दै विपक्षी बेन्नी गान्जले सरकार गठन गर्न नसक्ने परिस्थिति रहेकाले आफूहरुलाई समर्थन गर्न अन्य दलका सांसद समक्ष आग्रहसहित छलफल गरिरहेको बताउनुभयो । उहाँले अन्य दलका चारदेखि छ जना सांसदसँग कुराकानी भइरहेको छ भन्नुभयो । लिकुड पार्टीले केही दिनभित्रै सरकार गठन गर्न दावी प्रस्तुत गर्ने उहाँले बताउनुभयो । इजरायलका पूर्वसैन्य प्रमुख बेन्नी गान्जले आफ्नो दलले अझै हार स्वीकार नगरेको बताउनुभएको छ । मंगलबार बिहान चुनावको अन्तिम परिणाम नआउन्जेल धैर्य गर्न आग्रह गर्नुभयो । उहाँले राष्ट्रिय एकताको सरकार निर्माणका लागि प्रयास गर्ने बताउनुभयो । इजरायलमा कुनै पनि दलले संसदमा बहुमत ल्याउन नसक्दा एकै वर्षको अवधिमा यसपटक तेस्रो आमनिर्वाचन भएको हो ।

# टिपरको ठक्करबाट दुईको मृत्यु

**दैनिक समाचारदाता**
**मोरङ, २१ फागुन ।**

विराटनगर महानगरपालिका १९ स्थित मिलनचोकमा टिपरको ठक्करबाट टेम्पोमा सवार दुई जनाको मृत्यु भएको छ ।

उत्तरतर्फबाट आइरहेको को.१क. २९१७ नंको टिपरले विपरीत दिशातर्फ गइरहेको टेम्पोलाई मङ्गलबार राति ठक्कर दिँदा दुई जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

टेम्पो चालक ग्रामथान गाउँपालिका बस्ने ४५ वर्षीय बाबुराम सरदार र उनका छ वर्षीया नातिनी आरोही सरदारको मृत्यु भएको प्रहरीले जनाएको छ ।

यसैबीच घटनापछि आक्रोशित स्थानीयवासीले टिपरमा आगजनी गरेका छन् । दुर्घटना गर्ने टिपर चालकलाई आवश्यक अनुसन्धानका लागि प्रहरीले नियन्त्रणमा लिएको छ ।

# बसमा मोटरसाइकल ठोकिदा एकको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, २१ फागुन ।**

सिरहाको गोलबजार नगरपालिका ४ धर्मकाँटास्थित पुर्व पश्चिम रामार्गमा दुई मोटरसाइकल एक आपसमा ठोकिएपछि आइरहेको यात्रुबाहक बसमा मोटरसाइकल ठोकिदा मोटरसाइकल चालकको घटनास्थलमै मृत्यु भएको छ । सो दुर्घटनामा एक जना घाइते समेत भएका छन् ।

पुर्वबाट पश्चिम तर्फ आउँदै गरेको को.३३प. २०९८ नम्बरको मोटरसाईकल र पश्चिमबाट पुर्व तर्फ जाँदै गरेको बा.३१प. ५८८३ नम्बरको मोटरसाईकल एक आपसमा ठोकिदा पुर्वबाट पश्चिमतर्फ आउदै गरेको ना.४ख. ४२६५ नम्बरको यात्रुबाहक बसको पछाडीको चक्काले को.३३प. २०९८ नम्बरको मोटरसाईकल चालकलाई ठक्कर दिएको थियो ।

सो ठक्करबाट मोटरसाईकल चालक सिरहाको लहान नगरपालिका १९ निवासी २६ वर्षिय मो. लुतफुर रहमानको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

यता सोही दुर्घटनामा को.३१प. ५८८३ नम्बरको मोटरसाईकल चालक उदयपुरको त्रियुगा नगरपालिका १४ निवासी २६ वर्षिय आरजु राई घाईते भएका छन् । उनको भुमिजा अस्पताल गोलबजारमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

यता दुवै मोटरसाईकल, बस र बस चालक समेतलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# टिपरले ठक्कर दिएर घाइते भएका मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**महोत्तरी, २१ फागुन ।**

महोत्तरी-धनुषालाई जोड्ने भिठ्ठामोर-जलेश्वर-जनकपुर सडकमा टिपरले ठक्कर दिदा घाइते मोटरसाइकल चालकको उपचारका क्रममा मृत्यु भएको छ ।

मङ्गलबार साँझ जनकपुरबाट जलेश्वरतर्फ बीआर३०एक्स ७७०२ नंको मोटरसाइकलमा आउँदै गर्दा जनकपुरतर्फ जाँदै गरेको ना१क ५८२६ नंको टिपरले ठक्कर दिँदा घाइते भएका महोत्तरीको सम्सी गाउँपालिका ५ का ३५ वर्षीय कालीचरण यादवको मृत्यु भएको हो ।

उनको जलेश्वर अस्पतालमा बुधबार बिहान उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनालगत्तै यादवलाई उपचारका लागि जलेश्वर अस्पताल पुऱ्याइएको थियो । अस्पतालमा सघन उपचारकै क्रममा यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

दुर्घटनामा परेका दुवै सवारीसाधन नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय महोत्तरी प्रहरीले जनाएको छ ।

# अवैध घरेलु मदिरा नष्ट

**दैनिक समाचारदाता**
**सिरहा, २१ फागुन ।**

सिरहा जिल्लाको औरही गाँउपालिका ५ औरही टोलबाट प्रहरीले अवैध घरेलु मदिरा बरामद गरेको छ ।

प्रहरी चौकी औरही सिरहाबाट खटिएको गस्ती टोलीले सो स्थानमा चेकजाँच गर्दा मदिरा बनाउन प्रयोग गर्ने कच्चा पदार्थ एक हजार लिटर, मदिरा बनाउन प्रयोग हुने मेसिन एक थान र भाडाबर्तन १३ थानसमेत नियन्त्रणमा लिएको छ ।

साथै नियन्त्रणमा लिइएको सम्पूर्ण सामाग्रिहरु स्थानिय प्रतिनिधीहरुको रोहवरमा नष्ट गरिएको सिरहा प्रहरीले जनाएको छ ।

# प्रहरीद्वारा गोरु नियन्त्रणमा

**दैनिक समाचारदाता**
**राजविराज, २१ फागुन ।**

सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिका १० ईनर्वा स्थित तोपाबाट प्रहरीले चार वटा गोरु नियन्त्रणमा लिएको छ ।

सुनसरीतर्फ जादै गरेको को.१ख. ४१३८ नं. को पिकअपमा लैजाँदै गरिएको गोरु प्रहरीले नियन्त्रणमा लिएको हो ।।

प्रहरीले ८ लाख २८ हजार बराबरको ट्रक र गोरुसहितलाई नियन्त्रणमा लिई भन्सार बुझाएको जनाएको छ ।

# शिलबन्दी कोटेशन आह्वान सम्बन्धि सुचना

**प्रथम पटक प्रकाशित मिति २०७६/११/२२ गते**

सबल नेपाल बि.सं. २०६२ मा सप्तरी जिल्लामा स्थापना भएको एक अगुवा गैर सरकारी संस्था हो । स्थापना कालदेखि नै सबल नेपालले सामाजिक क्षेत्रमा सक्रिय रुपमा कार्य गर्दै आईरहेको सर्व बिद्धितै छ । हाल सबल नेपालद्धारा सेभ द चिल्ड्रेनसंगको साझेदारीमा संचालित समुन्नति कार्यक्रम अर्न्तगत उल्लेखित सामाग्रिहरुको आवश्यक्ता रहेकोले तल उल्लेखित शर्तहरुको अधिनस्त रहने गरि ईच्छुक आपुर्ती कर्ता (थोक तथा खुद्रा बिक्रेता) हरुबाट शिलबन्दि दरखास्त आह्वानको लागि यो १० दिने सुचना प्रकासित गरिएको छ ।

**शर्तहरु :**

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि १० औं दिनको कार्यालय समयभित्र सम्बन्धित संस्थाले उपलब्ध गराएको फारम भरी यस सस्थांको खरिद फाँटमा रितपूर्वक सिलबन्दि बोलपत्र दर्ता गराई सक्नु पर्नेछ ।

| बोलपत्र नं. | सामाग्रीको विवरण | परिमाण | बोलपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|
| Sabal Nepal ०२-२०७६/७७ | कार्यालय तथा कार्यक्रम मसलन्द स्टेशनरी | आवश्यक्ता अनुसार २ वर्षको लागी | सिलबन्दी दर्ता |
| | कार्यक्रमको लागि खाजा | | |
| | (सम्बन्धित कार्यक्षेत्रमा) | | |
| | हार्डवेयर | | |
| | प्रिंटिङ्ग (फलेक्स, प्रमाणपत्र, किताब) | | |

२. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १० औं दिन दिनको ५:०० बजेभित्र यस सस्थामा आवश्यक सम्पूर्ण कागजात सहित सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ । सो दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिनको ५:०० बजेभित्र दर्ता गराई सक्नु पर्नेछ । सो समयावधी पश्चात् प्राप्त सिलबन्दी बोलपत्र स्वतः बदर ठहरिने छ ।

३. दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले १२ औं दिन ( २०७६/१२/०३ गते सोमवार) दिनको ११.०० बजे खरिद समिति, उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । तर कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. सिलबन्दी बोलपत्रकासाथ देहाय बमोजिमको कागजातहरू पेश गर्नुपर्नेछ ।
   (क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि
   (ख) मूल्य अभिवृद्धि कर वा पान दर्ता प्रमाण(पत्रको प्रतिलिपि ।
   (ग) आ.व.२०७५/७६ सम्मको कर चुक्ता प्रमाण(पत्रको प्रतिलिपि वा कर दाखिला प्रमाणपत्रको प्रतिलिपि ।

५. बोलपत्र फाराम बुझाउँदा सिलवन्दी गरी खामको बाहिर सस्थांले “प्रदान गर्ने सेवाको नाम तथा संस्थाको नाम स्पष्टसंग उल्लेख गर्नुपर्ने छ ।

६. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था र सरकारी कार्यालय लगायत अन्य संघ/संस्थाहरुमा सेवा प्रदान गर्दै आईरहेको तथा बाल सुरक्षा नीति अवलम्वन गरेकालाई विशेष ग्राहयता दिइनेछ ।

७. यस सिलबन्दी बोलपत्र सम्बन्धी सम्पूर्ण निर्णय संस्थाको खरिद समितिमा निहित रहनेछ ।

८. यस शिलबन्दि बोल पत्र सम्बन्धि बिस्तृत बिबरण कार्यालय समय भित्र संस्थाको सम्बन्धित शाखामा सम्पर्क राख्न सकिनेछ र निर्माण सम्बन्धि सामाग्रीहरुको Quotation फारम संस्थामा निशुल्क उपलब्ध गराईनेछ वा संस्थाको वेभसाईटबाट Download गर्न सकिनेछ ।

**बिस्तृत जानकारी तथा प्रस्तावन पेश गर्ने सम्पर्क ठेगाना :**
**सबल नेपाल**
मुख्य कार्यालय, राजबिराज -१, सप्तरी
**वा**
**सबल नेपाल**
फिल्ड कार्यालय, कल्याणपुर, खडक नगरपालिका
इमेल : **procurementsabal@gmail.com**
(नोट : यो सुचना यस संस्थाको वेब पेज **www.sabalnepal.org.np** मा पनी हेर्न सकिनेछ ।)

# दादुरा रुवेला खोप अभियान

**दादुरा रुवेला खोप लगाऔं । आ-आफ्नो बालबालिकाहरुलाई दादुरा रुबेला रोगबाट बचाऔं ।**

यही फाल्गुन १ गतेदेखि नगरपालिका/गाउँपालिकाको सबै वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुदैछ । यस अभियानमा **९ महिना देखि ५ वर्ष मुनिका** सम्पूर्ण बालबालिकालाई दादुरा रुवेला रोग विरुद्धको खोप लगाइन्छ । आ-आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा रुवेला खोप लगाउन हुन अनुरोध छ । साथै जन्मदेखि **५ वर्ष मुनिका** बालबालिकाहरुलाई पोलियो थोपा समेत खुवाऔं ।

**दादुरा रुवेला खोप अभियान संचालन हुने चरण र मिति**

**पहिलो चरण**

**(२०७६ फाल्गुन १ गतेदेखि २०७६ फाल्गुन ९ गतेसम्म)**

राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

**दोश्रो चरण**

**(२०७६ फाल्गुन ११ गतेदेखि २०७६ फाल्गुन १९ गतेसम्म)**

डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा

**तेश्रो चरण**

**(२०७६ फाल्गुन २१ गतेदेखि २०७६ फाल्गुन २९ गतेसम्म)**

बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिका

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit · CITY EXPRESS Money Transfer · Best Remit Quick & Easy · PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम · IME International Money Express · himal remit हिमालरेमिट · CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*